## विजय विकास स्रोत केन्द्र

# स्वास्थ्य लघु बिमा कार्यक्रम

# Health Micro Insurance Scheme
# (HMIS)


पत्राचारको लागि

गैंडाकोट-८, नवलपरासी

फोन : ०५६-५२२९६५, ५२५९००

फ्याक्स : ०५६-५२२९६५

Email : vdrc@gnet.com.np

website : www.vdrc.org.np

## संस्था परिचय (Introduction of Organization)

विजय विकास स्रोत केन्द्र २५ बर्ष पूरा गरेको राष्ट्रिय गैर सरकारी संस्था हो। यसले सामुदायिक विकास निर्माणका विभिन्न क्षेत्रमा देशका विभिन्न जिल्लामा थुप्रै कार्यक्रमहरू कार्यान्वयन गरिरहेको छ। "स्वावलम्वी समाजको निर्माण" गर्ने परिकल्पना लिएर स्थापना भएको संस्थाले स्वावलम्बी समाज निर्माणका लागि आवश्यक विभिन्न क्षेत्रमा सिक्दै सिकाउँदैको मान्यता अनुसार काम गरिरहेको छ। मानवीय स्रोत विकास, संस्थागत विकास, सामाजिक परिचालन, लघु वित्त कार्यक्रम, आय आर्जन कार्यक्रम, खानेपानी तथा सरसफाई कार्यक्रम, भौतिक पूर्वाधारतर्फ हरित सडक, सिंचाइ पोखरी तथा कूलो निर्माण, सुधारिएको घट्ट निर्माण र सामुदायिक भवन निर्माण जस्ता क्रियाकलापहरूमा संस्थाले विशिष्टीकरण हासिल गरेको छ।

संस्थाले आफ्नै क्षेत्र गैंडाकोट र वरपरका क्षेत्रको स्वास्थ्य क्षेत्रको लागि एम्बुलेन्स सञ्चालन, स्वास्थ्य शिविर सञ्चालन गर्दै आएको छ भने आर्थिक विकासको लागि विकू बचत, गुणस्तरीय शिक्षाको लागि विजय सामुदायिक शिक्षा सदन, आय आर्जनतर्फ सिक्ने थलोको रूपमा कृषि फर्मको प्रबर्धन गरी सेवा प्रदान गर्दै आएको छ। चेतना सदन,



पुस्तकालयको विकास, सेक्रेटरीयल सेवा यसका मुख्य आम्दानीका स्रोत हुन्। अहिले असंगठित एवं स्वास्थ्य सेवामा कम पहुँच भएका समुदायहरूको स्वास्थ्य क्षेत्रमा पहुँच बढाउने उद्देश्यले स्वास्थ्य लघु बिमा कार्यक्रम सञ्चालन गर्न लागिरहेको छ।

## स्वास्थ्य लघु बिमा कार्यक्रम (Health Micro Insurance Scheme)

नेपाल कृषि प्रधान देश हो। यहाँका अधिकांश जनता कृषिमा निर्भर गर्दछन्। भौगोलिक विकटता र पहाडी भू-भागले नेपालको अधिकांश क्षेत्रफल ओगटेको छ, जसले गर्दा कूल जनसंख्याको ९०% जनता गाउँमा बस्ने गर्दछन्। स्वास्थ्य सेवा प्रदान गर्ने निकायहरूले सबै क्षेत्र समेट्न नसकेको कारण गाउँका अधिकांश जनताको स्वास्थ्य सेवामा पहुँच ज्यादै न्यून छ। नेपालका प्रति १००० शिशुहरूमा ७० जनाको मृत्यु हुने गर्दछ भने हरेक ५ मिनेटमा १ बाल-बालिकाको मृत्यु हुने गर्दछ। यसरी नै एक बर्षमा झाडापखालाले २८,००० र श्वास प्रश्वासले ३२,००० बाल-बालिका मर्ने गर्दछन्। ३ बर्ष मुनिका बाल-बालिका मध्ये ५०% कुपोषणको कारणले कम तौल भएका हुने गर्दछन्। प्रति १ लाख सुत्केरी महिलामा ५३१ जनाको मृत्यु हुने गर्दछ।

नेपालको कूल जनसंख्याको २२% जनता ४० बर्षसम्म मात्र बाँच्न सकेका छन्। कूल जनसंख्याको ९०% जनताको राम्रो स्वास्थ्य उपचारमा पहुँच छैन। हुनत नेपालमा श्री ५ को सरकारबाट सञ्चालित ५ वटा क्षेत्रीय अस्पताल, ७५ वटा जिल्ला अस्पताल, ११६ वटा प्राथमिक स्वास्थ्य केन्द्र, ७५४ वटा स्वास्थ्य चौकी र ३१२० वटा उप-स्वास्थ्य चौकी कार्यरत छन्, तापनि स्रोत र साधनको अभावले यो सेवा नगण्य देखिएको छ। यसरी कूल जनसंख्याको १०% जनताको मात्र स्वास्थ्य सेवामा पहुँच पुगेको देखिन्छ। स्थानीय समुदायको स्वास्थ्य सेवामा पहुँच बढाउने उद्देश्यले विजय विकास स्रोत केन्द्रले स्वास्थ्य लघु बिमा कार्यक्रमको शुरुवात गरेको छ। नेपालमा केही संगठित सेवामा कार्यरत अर्थतन्त्रका व्यक्तिहरूले स्वास्थ्य बिमा गर्ने गरेको देखिएता पनि असंगठित अर्थतन्त्रका क्षेत्रमा धेरै कम प्रयासहरू भएको देखिन्छ। प्राय गरेर नेपालका अधिकांश विपन्न गरिव वर्ग कुनै पनि औपचारिक एवं संगठित आर्थिक क्षेत्रमा संलग्न भएको पाइदैन। गाउँघरमा बिरामी पर्दा प्रयोग गर्ने गरी रुपैया-पैसा संकलन गरेर कतै राखिएको हुँदैन। गाउँघरमा बिरामी भएको अवस्थामा २/४ दिन आफै ठिकहोला भनेर स-सानो काम गर्ने गरिन्छ, त्यसपछि पनि सञ्चो नभए धामी झाँक्री, देवी देवताको भाकल गर्न पुग्दछन्, त्यसपछि पनि नभएमा स्वास्थ्य चौकी वा अस्पताल जाने



गरिन्छ। एकातिर अस्पताल जानको लागि प्रयाप्त पैसा हुँदैन अर्कोतिर अस्पताल पुग्ने बेलासम्म रोगले विकराल रूप लिइसकेको हुन्छ। प्रयाप्त रकमको अभावमा चर्को स्वास्थ्य उपचार खर्चबाट पीडित समुदाय रोगको उपचारतिर लाग्नुभन्दा रोग पालेर बस्न बाध्य छन्। यस्तो समस्यालाई मध्यनजर गर्दै संस्थाले सम्पूर्ण जोखिम कार्यक्रममा निहित रहने नेपालकै नयाँ मोडेलको स्वास्थ्य लघु बिमा कार्यक्रम सञ्चालन गरिरहेको छ।

## बिमा (Insurance)

बिमा एउटा वित्तीय उपकरण हो। जहाँ जोखिम बाँड्न चाहनेहरूले नियमित प्रिमियम (निश्चित शुल्क जुन फिर्ता हुँदैन) बुझाउँदै जान्छन्। जतिबेला उनीहरूलाई तोकिएको जोखिम आइपर्दछ त्यतिबेला क्षतिपूर्ति प्राप्त गर्दछन्।

## लघु बिमा (Micro Insurance)

अनौपचारिक/असंगठित अर्थतन्त्रका संलग्न धेरै संख्यामा न्यूनआय भएका जनताहरूबाट स-सानो स्तरको स्रोत संकलन गरी उनीहरू कै विभिन्न प्रकृतिका जोखिमबाट हुन सक्ने आर्थिक समस्यालाई सामाजिक सुरक्षा प्रदान गर्नु नै लघु बिमा हो।

## लघु (Micro)

सदस्यहरूको आवश्यकता परिपूर्ति गर्न स-सानो योगदान र पटक-पटक सानो कारोबारमा संलग्न भएको हुन्छ। लघु-ले कार्यक्रमको स्तर सानो भन्न खोजेको होइन तर रकमको हिसाबले स-सानो संकलन हुने हुनाले लघु भनिएको हो। लघु बिमा कार्यक्रम हजारौं सदस्यहरू कहाँ पुग्दछ र एक आपसमा जोखिम साटा-साट गराउँदछ।

## स्वास्थ्य लघु बिमा (Health Micro Insurance)

स्वास्थ्य लघु बिमा, बिमाको एउटा स्वरुप हो, जहाँ भविश्यवाणी गर्न नसकिने उपचार खर्च परिपूर्ति गर्नको लागि स्रोत संकलन गरिन्छ। यो कार्य सामाजिक घनिष्टता, एकता र सामुहिकतामा आधारित स्वास्थ्य जोखिममा सबैको साझेदारी सम्बन्ध जोडिएको हुन्छ। अर्थात् "एकका लागि सबै र सबैका लागि एक" मान्यताद्वारा सञ्चालित हुन्छ।

## लघु बिमाका सिद्धान्तहरू (Principles of Micro Insurance)

- धेरै संख्यामा मानिसहरू जोखिम साटा-साट गर्न तयार हुन्छन्।
- स्रोत संकलन र आर्थिक जोखिम वितरण गरी सुरक्षित हुन्छन्।



- बिमितहरूको सुनिश्चित गरिएका सेवाहरूमा पहुँच र नियन्त्रण हुन्छ।
- बिमायोग्य चाहनाहरू विद्यमान रहन्छन्।
- क्षति नाप्न र निर्धारण गर्न सकिने हुन्छन्।
- क्षति महामारी/दैविप्रकोप जस्तो हुनु हुँदैन।
- क्षतिको संभावना गणनायोग्य हुन्छ।
- निश्चित गरिएका जोखिमहरूमात्र समावेश गरिएको हुन्छ।
- आर्थिक रूपमा तिर्न सकिने खालको शुल्क निर्धारण।
- लघु बिमा नाफाको लागि होइन, सामाजिक गतिशीलता र एकता, प्रजातान्त्रिक सहभागिता।
- कार्यक्रमले मुख्य जोखिममा नियन्त्रण।

## स्वास्थ्य लघु बिमा कार्यक्रमका उद्देश्यहरू (Objectives of Health Micro Insurance)

- समुदायलाई चर्को स्वास्थ्य उपचार खर्चबाट राहत प्रदान गर्ने।
- स्वास्थ्य जोखिमलाई बिमा गरी उपचार सेवा प्रदान गर्ने।
- कमजोर आर्थिक अवस्था भएका जनताहरूलाई नियमित स्वास्थ्य उपचारको लागि बानी बसाउने।

- ❖ अपर्झट आइपर्ने स्वास्थ्य समस्याको लागि आर्थिक संकट निवारण गर्ने।
- ❖ समुदायलाई सामुहिक एकताको भावना विकास गर्दै स्वास्थ्य क्षेत्रमा आत्मनिर्भर बनाउने।
- ❖ समुदायलाई सस्तो गुणस्तर सेवा प्रदान गर्न संस्थागत विकास गर्ने।

## कार्यक्रममा समावेश हुने प्रकृया

- ❖ यस कार्यक्रममा समावेश हुनको लागि विजय विकास स्रोत केन्द्र स्वास्थ्य लघु बिमा कार्यक्रमको कार्यालयमा सम्पर्क गर्ने।
- ❖ कार्यक्रमको बारेमा राम्रोसँग बुझ्ने।
- ❖ आफ्ना परिवारका सम्पूर्ण सदस्यको प्रष्ट अनुहार चिनिने खालको संयुक्त फोटो खिचाउने।
- ❖ तोकिएको प्रिमियम रकम बुझाई स्वास्थ्य लघु बिमा संझौता पत्रमा हस्ताक्षर गर्ने।
- ❖ आफ्नो परिवारको फोटो टाँसिएको सदस्यता कार्ड संस्थाबाट लिने।
- ❖ स्वास्थ्य सेवा उपयोग गर्दा सदस्यता कार्ड अनिवार्य रूपमा लिएर हिंड्ने।
- ❖ म्याद सकिनुभन्दा अगाडि नै नवीकरण गर्ने।



## कार्यक्रमको विकासको अवधारणा

- ❖ सामाजिक न्यायका आधारमा हेर्दा पैसाको अभावका कारण कुनै पनि बिरामी स्वास्थोपचारबाट वञ्चित हुन नपरोस् भन्ने भावनाबाट।
- ❖ बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको यस्तै प्रकृतिको कार्यक्रम अवलोकन गर्दा प्रभावित भएर।
- ❖ एक स्वास्थ्य सर्भे गर्दा प्रतिसदस्य औषत बार्षिक रु.६५०।- स्वास्थ्य खर्च हुने गरेको देखिएको।
- ❖ कार्यक्रममा नयाँपन तथा सामाजिक सुरक्षा भएको।
- ❖ आफ्नै गाउँ आफ्नै ठाउँमा केही गरौं भन्ने भावनाबाट।
- ❖ समतामूलक भावनाको विकास गरी आत्म निर्भरताका लागि।
- ❖ संस्थाको परिकल्पना परिपूर्तीका लागि सहायक भएको।

## सेवा तथा सुविधाहरू (Benefit Package)

यस विजय विकास स्रोत केन्द्रद्वारा सञ्चालित स्वास्थ्य लघु बिमा कार्यक्रमले निम्न सेवा तथा सुविधा (Benefit) प्रदान गर्नेछ। यी सेवा तथा सुविधाहरू संस्थाले तोकेको अस्पताल तथा औषधी पसलबाट मात्र लिन सकिने छ। कुनै प्रकारका दुविधा भएमा कार्यालयमा सम्पर्क गर्नुहोला।

| क.सं. | उपलब्ध सेवाहरू | प्रतिशत |
|---|---|---|
| १. | **साधारण जाँच/स्वास्थ्य सेवा परामर्श (Consultation):** सबै प्रकारका साधारण बिरामी जाँच वा परीक्षण तथा पुन: सोधपुछ गरिने छ । यस बिमा कार्यक्रमले समावेश नगरेका भनि परिभाषित गरिएको बाहेक सबै प्रकारका बिरामी अवस्थामा सेवा पाउने । | १०० प्रतिशत |
| २. | **अस्पताल भर्ना :** प्रत्येक पटक बिरामी हुँदा ५ दिनसम्मको अस्पताल भर्ना खर्च कार्यक्रमले व्यहोर्ने छ । त्यसभन्दा धेरै दिन अस्पतालमा बस्नु परेमा कार्यक्रमले व्यहोर्ने छैन, सदस्य आफैले व्यहोर्नु पर्नेछ । | १०० प्रतिशत |
| ३. | **साधारण सुत्केरी :** अस्पतालमा साधारण सुत्केरीका लागि भर्ना हुँदा लाग्ने खर्च (साधारण बेड) तथा सुत्केरी पूर्व एवं सुत्केरी पछिका सेवाहरू यस अन्तर्गत पर्नेछन् तर अलग कोठा (क्याविन) आदिको खर्च व्यहोर्ने छैन । | १०० प्रतिशत |
| ४. | **कठिन सुत्केरी :** साधारण बेडको प्रयोग तथा कठिन सुत्केरी सेवा प्राप्त हुनेछ तर अलग कोठा (क्याविन) प्रयोग गरेको खर्च व्यहोरिने छैन । | १०० प्रतिशत |
| ५. | **प्रयोगशाला परीक्षण :** कार्यक्रमको सुविधा प्याकेजमा सबै प्रकारका प्रयोगशाला परीक्षण (गर्भ परीक्षण र एच.आइ.भी. जाँच समेत) हरू पर्दछन् । निर्धारण गरिएको अस्पतालमा नभएका सेवाहरू पर्ने छैनन् । | १०० प्रतिशत |



| क.सं. | उपलब्ध सेवाहरू | प्रतिशत |
|---|---|---|
| ६. | **हाड भाँचिएको :** शरीरका कुनै अंग भाँचिएको (Fraction) अवस्थामा कृत्रिम अंग वा अन्य उपकरण (Appliance) वाहेकका खर्चहरू कार्यक्रमले व्यहोर्ने छ । | १०० प्रतिशत |
| ७. | **रेडियोलोजी तथा अरु परीक्षणहरू :** यसभित्र एक्सरे, अल्ट्रासाउण्ड, इण्डोस्कोपी, ई.सि.जि. आदि पर्नेछन् । एम.आर.आई. तथा सिटी स्क्यान जस्ता परीक्षणहरू यस भित्र पर्ने छैनन् । | १०० प्रतिशत |
| ८. | **साधारण अपरेशन :** सबै प्रकारका साधारण अपरेशनहरु समावेश गरिने छन् । | १०० प्रतिशत |
| ९. | **ठूला अपरेशन :** सबै प्रकारका अपरेशन (निर्धारित गरिएको अस्पतालमा प्राप्त हुने सेवा मात्र)समावेश गरिनेछ । | १०० प्रतिशत |
| १०. | **साधारण मुटुको समस्या :** तोकिएको अस्पतालमा प्राप्त हुने मुटुसम्बन्धी साधारण समस्याको उपचार । विशेष सेवा चाहिने मुटुका रोग सम्बन्धी सेवाहरु समावेश गरिएका छैनन् । | १०० प्रतिशत |
| ११. | **साधारण दाँतको समस्या :** दाँत दुखेको, दाँत उखेल्ने र यस्तै साधारण समस्याको उपचार कार्यक्रममा समावेश छन् । दाँतको नियमित जाँच, दाँत भर्ने, सफा गर्ने, दाँत फेर्ने आदि समावेश छैनन् । | १०० प्रतिशत |

| क.सं. | उपलब्ध सेवाहरू | |
|---|---|---|
| १२. | **एम्बुलेन्स सेवा** : निर्धारित अस्पतालसम्म सिकिस्त बिरामी लैजान एम्बुलेन्स सेवा उपलब्ध गराइनेछ तर अस्पतालबाट फर्कन वा अर्को कुनै ठाउँमा लैजान यो सेवा उपलब्ध गराइने छैन । यो सेवा पाउन संस्थाले निर्धारित गरेको एम्बुलेन्स मात्र प्रयोग गर्नु पर्नेछ । | १०० प्रतिशत |
| १३. | **औषधी** : निर्धारित अस्पतालले सिफारिस गरेको औषधी मात्र निर्धारित फार्मेसीहरूबाट खरीद गर्दा ५० प्रतिशत औषधीको रकम कार्यक्रमबाट व्यहोरिने छ र बाँकी ५० प्रतिशत रकम बिरामीले नै व्यहोर्नु पर्नेछ । साथै एक महिना भन्दा बढी समयसम्म खान पर्ने औषधीमा यो सुविधा प्राप्त हुने छैन । | ५० प्रतिशत |

## कार्यक्रमले समावेश नगर्ने सेवाहरू (Exclusions)

❖ दीर्घकालसम्म रहने रोगहरू जस्तो दम, चिनीरोग, ब्लडप्रेसर क्यान्सर, एड्स, पक्षघात आदिको उपचार कार्यक्रममा समावेश छैन तर यस्ता रोग लागेको पनि पहिचान भएको १ वर्षसम्मको उपचार तथा प्राथमिक उपचार सेवा भने कार्यक्रमबाट प्राप्त हुनेछ ।

❖ विभिन्न किसिमका उपकरणहरू, कृत्रिम अंग प्रत्यारोपण, चश्मा, व्हील चियर जस्ता साधनहरू कार्यक्रमबाट



उपलब्ध हुने छैनन् ।

❖ ५ दिनभन्दा बढीको अस्पताल भर्ना खर्च र ५०% भन्दा बढीको औषधी खर्च कार्यक्रमले व्यहोर्ने छैन । सम्बन्धित बिरामीले नै व्यहोर्नु पर्नेछ ।

❖ जाँड रक्सी, लागू पदार्थ आदिको सेवन गरी हुने लापरवाहीबाट हुन आएको रोगव्याधीको उपचार समावेश गरिने छैन ।

❖ डाक्टरको सिफारीस र प्रचलित ऐन कानून अनुसार आमाको स्वास्थ्यलाई गम्भीर असर पर्ने देखिका बाहेक अन्य प्रकारका (ऐच्छिक) गर्भपतन गर्ने सुविधा उपलब्ध हुनेछैन ।

❖ विष सेवन, डाक्टरले सिफारिस नगरेका लागू औषधसेवन जस्ता प्रकृतिका केशमा उपचारका कुनै पनि सेवा उपलब्ध हुने छैनन् ।

❖ कार्यक्रमले निर्धारित गरेको अस्पताल वा फार्मेसीभन्दा अन्यत्रबाट लिइएका सेवाहरूको भुक्तानी हुनेछैन । कार्यक्रमले निर्धारण गरेको स्वास्थ्य लघु बिमा कार्यक्रम र यसबाट प्राप्त हुने सेवा सुविधा सम्बन्धमा कुनै प्रकारको निर्णय गर्नु परेमा वा कुनै पनि प्रकारको विवाद भएमा विजय विकास स्रोत केन्द्र, स्वास्थ्य लघु बिमा उप-समितिको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

कार्यक्रमको पहिलो बर्ष हरेक ३/३ महिनामा पुनरावलोकन गरी सेवा सुविधामा थपघट गर्न सक्नेछ।

## बिमा प्रिमियम (Insurance Primium)

यस स्वास्थ्य लघु बिमा कार्यक्रममा सदस्य भई सेवा उपयोग गर्न चाहने व्यक्ति/परिवारले निम्न अनुसारको प्रिमियम बुझाउनु पर्नेछ।

| क.सं | परिवारका सदस्य संख्या | प्र.व्यक्ति/प्रति वर्ष प्रि. दर |
|---|---|---|
| १. | १-५ जना सदस्य भएका परिवार | रु.३५०।- |
| २. | ६-१० जना सदस्य भएका परिवार | रु.३२५।- |
| ३. | ११ जना वा सो भन्दा माथि परिवारहरु भएको परिवार | रु.३००।- |
| ४. | कुनै संगठित संस्थाका कर्मचारीको हकमा १ जना मात्र पनि सदस्य हुन पाउने। | रु.४००।- |

१. बिमित सदस्यहरूले कार्यक्रमको तर्फबाट एकपटकमा रु.१५,०००।- सम्म र वार्षिक रु.३०,०००।- सम्मको सुविधा पाउनेछन्।
२. दीर्घरोग भनी डाक्टरले बताएका रोगमा प्रयोगशाला परीक्षण २ पटकसम्म, परामर्श सबै, अस्पताल भर्ना एक पटकमा ५ दिनसम्म र ५. दिनसम्मको औषधीको ५०% मात्र सेवा प्रदान गरिने छ।



## सदस्यता सम्बन्धी अन्य जानकारी :

- एकाघर परिवारका एकमात्र वा केही सदस्यहरूमात्र सदस्य हुन पाइने छैन। तर लामो समयसम्म बाहिर रहने सदस्यलाई समावेश नगर्न सकिने छ।
- सदस्यता प्राप्त गरी प्रिमियम भुक्तान गरेको १० दिनसम्म पर्खाइ अवधि (Waiting Period) रहने छ र ११ औं दिनदेखि सेवा पाइने छ।

## महत्वपूर्ण जानकारीहरू :

१. कुनै कारणवश कार्ड हराएमा तुरुन्त संस्थामा सम्पर्क राखी रु.१०।- तिरेर अर्को कार्ड लिनु होला। अर्को कार्ड बनाउँदा परिवारको फोटो तपाई आफैले ल्याउनु पर्नेछ।
२. कार्डमा नाम उल्लेख गरिएका परिवारका व्यक्तिहरूले मात्र स्वास्थ्य लघु बिमा कार्यक्रमबाट फाइदा लिन सक्नु हुनेछ।
३. कृपया तपाईंको कार्डको समय (म्याद) बाँकी छदैं अर्को अवधिको लागि नवीकरण गर्नुहोला। अन्यथा लघु बिमा कार्यक्रमले सेवा दिने छैन।
४. कार्यक्रमले तोकेका अस्पताल वा औषधी पसलमा सेवा